# कैलाली र कञ्चनपुरः एक ऐतिहासिक सर्वेक्षण

राजाराम सुवेदी

कैलाली र कञ्चनपुरको प्राचीन इतिहास हालसम्म पनि स्पष्ट हुन सकेको छैन। त्यहाँ कुनै छुट्टै राज्य रहेको वा नरहेको छुट्याउने आधारहरू हालसम्म उपलब्ध भएका छैनन्। कैलाली र कञ्चनपुर क्षेत्रमा अवस्थित पुरातात्त्विक क्षेत्रहरूको खोजी गर्दै गए, स्थिति बढि स्पष्ट हुन सक्ने थियो।

कञ्चनपुर जिल्लाको दक्षिणपश्चिम सिमानामा शुक्लाफाँटा शाहीवन्यजन्तु आरक्षण केन्द्र (सेञ्चुरी) रहको छ। त्यही आरक्ष भित्र एउटा पुरातात्त्विक स्थल छ, जसलाई सिंहपालको मन्दिर, रानीताल र सिंहपुर राज्य भनिन्छ। कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरबाट दक्षिणपश्चिमतिर पर्ने अण्डैया गा.वि.सं., वार्ड नं. ३ को आरक्षण जंगलको बीचमा सिंहपुर रहेको छ। त्यो ठाउँ पहिले रौतीली प्रग़न्ना (गाउँ) अन्तर्गत पर्दथ्यो। सिंहपुर अन्तर्गत भारतको ठूलो भू-भाग पर्थ्यो,जुन भूभागलाई आजकल सिंघाई वा सिंहाई भनिन्छ।[२] प्राचीनकालमा सिंहपुर एउटा शक्तिशाली राज्य थियो। त्यो राज्यमा पालवंशीय राजाहरू राज्य गर्दथे। त्यो राज्यको नाउँ नै सिंहपुर थियो वा अर्कै थियो त्यसबारे केही भन्न सकिने स्थिति हालसम्म छैन। सिंहपुरको नामकरण राजा सिंहपालका राज्यकालमा भएको थियो भने राजा कञ्चनपालका राज्य कालसम्म त्यो राज्यको राजधानी सिंहपुरमा नै थियो पछि भएका राजाले दूधौली भन्ने ठाउँमा राजधानी सारेका थिए। राजा कञ्चनपालको नामबाट कञ्चनपुर भएको कुरा त्यहाँको स्थलगत सर्वेक्षणबाट थाहा हुन्छ। कञ्चनपुरको इतिहासभन्दा सिंहपालको इतिहास प्राचीन र महत्त्वपूर्ण छ। तर सिंहपाल राजा भएका हुँदा सिंहपुर नामाकरण गरिएको सिंहपुरको पूर्वनाम के थियो त्यो पनि जानकारी भएको छैन। सिंहपुर तथा सिंहपाल मन्दिर हाल घना जंगलका बीचमा आरक्षण क्षेत्र भित्र रहेका छन्।

हालसम्म सिंहपुरको पुष्टी अभिलेख सामग्रीले गरेका छैनन्। स्थानीय लोक इतिहासका आधारमा सिंहपाल भन्ने ब्यक्ति डोटीका राजा नागपाल (नागीमल्ल) का क्षेत्रीय शासक रहेको कुरा सुनिन्छ। तर त्यो कुरालाई पनि अभिलेखका आधारमा प्रष्ट गर्न सकिएको छैन। सिंहपुर एक ऐतिहासिक स्थान रहेको कुरा हालै त्यहाँ उत्खनन् गर्दा प्राप्त भएका वस्तुहरूबाट थाहा हुन्छ। २०५० माघ २१ देखि ३० सम्म सिंहपालको मन्दिर वरिपरि पर्खालको जगखन्ने काम भएको थियो। शुक्लाफाँट शाही वन्यजन्तु आरक्षण केन्द्रका वार्डेन

*Contributions to Nepalese Studies,* Vol. 22, No. 1 (January 1995), 87-98
Copyright © 1995 CNAS/TU

श्री पूर्ण बहादुर थापा तथा रेञ्जर श्री गोपालबहादुरको रेखदेखमा सो उत्खनन् कार्य भएको थियो। शुक्लाफाँट शाही वन्यजन्तु आरक्षण भित्र परेको हुनाले त्यसरी उत्खनन् गर्नु सजिलो कुरा थिएन। त्यसको मूल हेतू सिंहपाल मन्दिर भत्कन गई धराशायी भएको र मेटिने स्थितिमा पुगेकोले मन्दिर यहींनेर पर्छ भन्ने संकेत तथा संरक्षणको निम्ति नै थियो। तसर्थ मन्दिर वरिपरि ३ फिट गहिरो ३ फिट चौडा जग खनेर ईंटाको पर्खाल लगाउने योजना थियो। अग्लो पर्खाल तथा भब्य मन्दिर निर्माण गर्दा हात्तीले कन्याउँदा भत्काइदिने र तोडफोड हुने डरले ३ फिटमात्र अग्लो परखाल लगाउने बन्दोबस्त भएको थियो। सोही परखालको जग खन्ने सिलसिलामा महत्त्वपूर्ण पुरातात्त्विक वस्तुहरू प्राप्त भएका छन्। (यस पंक्तिका लेखकलाई सो उत्खनन्कार्यको जानकारीका साथै त्यस ठाउँमा पुग्न सहयोग पुऱ्याउने कञ्चनपुर जिल्ला कार्यालयका प्रशासकीय अधिकृत श्री रामराज सुवेदीको सराहना गर्नु पर्ने, धन्यवाद दिनु पर्ने भएको छ।)

सिंहपालका विषयमा सिंघाई (सिंहाई) क्षेत्रको पनि भ्रमण सर्भेक्षण गर्नु पर्ने आवश्यकता देखिन्छ। तापनि यसपटक कञ्चनपुरको रमणीय सिंहपुर क्षेत्र सिंहपाल मन्दिरवरिपरिको उत्खनन् कार्यका सिलसिलामा भएका केही महत्त्वपूर्ण उपलब्धिहरूलाई यहाँ चर्चा गर्नु पर्ने भएको छ। सिंहपाल मन्दिरको वरिपरि उत्खनन् गर्दा ठूला-ठूला ईंटहरू पाइएका छन्। ती ईंटको लम्बाई ११" चौडाई ९" देखि ७" र मोटाई ३" छ। त्यसरी हेर्दा त्यहाँका ईंटहरू लुम्बिनी, कपिलवस्तु, तिलौराकोट र सिम्रौनगढका प्राचीन ईंटासंग मिल्दाजुल्दा छन्। ठूला ईंटको बीचमा स-सना ईंटको पनि त्यहाँ प्रयोग भएको पाईन्छ। त्यहाँ प्रयोग गरिएका ईंटको बनोट, आकार तथा प्राचीनता हेर्दा सिंहपुर क्षेत्रको सभ्यता डोटीका राजा नागपाल (नागमल्ल) को समयभन्दा पनि अगाडिको हुनु पर्ने देखिन्छ। सिंहपुरस्थित सिंहपाल मन्दिर वरपर उत्खनन् कार्यमा प्राप्त भएका ठूलासाना ईंटका साथै ३ वटा माटाका घोडाहरू पनि पाइएका छन्। लगाम र काठीले सजाइएका ती माटाका घोडाको तौल ३००-४०० ग्राम, उचाई ४" लम्बाई ४-५" छ। पाको चिम्टे माटोबाट बनाइएका ती घोडा अङ्गभङ्ग भएका छन् वा तीमध्ये कुनैका खुट्टा, कुनैका पुच्छर र कुनैका कान टुटेका छन्।[४] ती घोडाहरू के प्रयोजनका लागि त्यहाँ रहेका होलान् भन्ने विचार पनि गर्नु पर्ने भएको छ। सिंहपालको मन्दिरमा निम्न कारणले माटाका घोडा रहेको विचार गर्न सकिन्छः

१) सिंहपुर मन्दिर प्राङ्गणमा सिंहपाल राजाको विशाल राजप्रासाद (दरबार) थियो। दरबारमा केटाकेटी खेल्ने कुद्ने व्यवस्था हुनु स्वभाविकै हुन्थ्यो। केटाकेटीका खेलौनाको निम्ति कुम्हालेहरूले माटाका स-साना घोडाका आकृति बनाएर दरबारमा पुऱ्याउँथे। केटाकेटीले ती घोडाहरू खेलाउँदा फ्याँक्ता टुट्ने, फुट्ने र भाँचिने गर्थे। त्यसैले भग्न घोडा पाइएको हुन सक्छ।

२) सिंहपुरमा रहेको सिंहपालको मन्दिरमा अद्यापि पार्विक पूजा हुँदै छ। त्यस मन्दिरलाई सिंहपाल भने पनि त्यहाँ सिंहपालको पूजा हुँदैन। सो ठाउँमा भगवान शंकरको पूजा

हुन्छ। त्यसकारण सिंहपुरस्थित सिंहपाल मन्दिरको निर्माण सिंहपाल राजाले गरेका हुनाले त्यो मन्दिरलाई उनैका नामले चिनारी गर्न थालियो। सो मन्दिर पहिले सानो र मेटिन लागेको हुनाले पुनर्निर्माण गरेको हुनसक्छ। त्यस मन्दिरमा पूजा गर्ने सामग्रीहरूमा घोडाको आकृति पनि राख्नु पर्ने हुन्थ्यो। आजकल पनि मष्टा, महाबौ, महालिङ्ग, मल्लिकार्जुन जस्ता देवतालाई घोडा चढाउने परम्परा कायम रहेबाट त्यो कुरालाई पुष्टि मिलेको छ।[५]

३) शक राजाहरू आफ्नो उद्‌गमस्थलबाट मध्यएशिया हुँदै भारतमा प्रवेश गर्दा अश्वसेनाले सुसज्जित थिए। उनै शकहरूसंग सम्बन्धित राजा सिंहपाल पनि भएको हुनाले त्यहाँ भगवान शंकरको स्थापना गरी उनीहरूले घोडालाई आफ्नो प्रियवस्तु मानेर अर्पण गर्ने गर्दथे। उनीहरूले नै शक्तिको मापलाई अश्वशक्तिसंग तुलना गर्ने चलन बसालेका हुन्। त्यसको संझनास्वरूप मन्दिरहरूमा माटाका घोडाका नमूना समर्पण गर्दथे।

४) सिंहपाल राजाको वंश घोडाको नश्लवृद्धि गर्ने परिवारसंग सम्बन्धित हुन सक्तछ। त्यो सामरिक शक्ति आर्जन गर्नका लागि बेग्ला बेग्लै नश्लका घोडा झिकाउने चलन पनि थियो। ती घोडालाई युद्ध को तालिम दिइन्थ्यो। परिणामस्वरूप घोडा र घोडीलाई श्रद्धा एवं पूजा गर्ने परम्परा पनि बस्न थाल्यो। जातजातका घोडा बेचविखन गर्ने केन्द्रहरू बने। त्यसैबेला कुनै अवतारी, चमत्कारी घोडाको चर्चा हुन थाल्यो। त्यही घोडाको पूजा, क्रय, विक्रय, परीक्षण गर्ने ठाउँलाई लोक भाषामा घोडाही-घोराही (दाङ), घोडागाउँ (रोल्पा) घोडाघोडीताल (कैलाली), घोडेपानी, घोरेपानी (म्याग्दी) घोडाबेगाउने (बझाङ) र घोडाशयनी (थर) आदि भन्न थालियो। दङौरा थारूहरूले अवतारी घोडालाई अद्यापि मन्दिर स्थापना गरी विधिपूर्वक पूजा गर्दै छन्। त्यसरी विचार गर्दा कञ्चनपुरको सभ्यता दाङ, प्यूठान, बझाङ, म्याग्दीसम्म फैलिएको कुरास्वतः अनुमान गर्न सकिन्छ।

५) सिंहपाल राजाको अश्वारोही सेनाले चौतर्फी विजय गर्दै गएको खुसियालीमा त्यसरी नै अश्वसेना मौलाएर दिग्दिगन्त विजयीहुन चाहन्थ्यो। त्यस्तो कामना गरी साम्राज्य बृद्धिका हेतूले सिंहपालले शिव तथा सिद्ध मन्दिरमा घोडाका पुत्ला चढाउने परम्परा चलाएका थिए।

सिंहपाल मन्दिर जीर्णोद्धार गर्ने कार्य हाललाई होचो पर्खाल मात्र लगाउने योजना थियो। त्यहाँ शिवपञ्चायतन स्थापनागर्ने भनी ५ ठाउँमा पर्खालको तोष पनि खनिएको थियो। मूलसिंहपालको मन्दिरलाई बीचमापारेर चारैतिर चारवटा मन्दिर निर्माण हुँदै थिए। सिंहपालको मूल मन्दिरमा ४ वटा कलापूर्ण तर खण्डित शिलास्तंभहरू यथावतै छन्। ती ४ मध्ये २ वटा खम्बा जमीनमाथि ३'१" अग्ला र २'१" मोटा, अन्य २ वटा खम्बाको उचाई ११.५" चौडाई ११" रहेको छ। हालै निर्माण हुनलागेको सिंहपाल मन्दिरलाई बीचमा पारी

पूर्वोत्तरकोण (आग्नेय) पट्टि श्रीगणेशको, दक्षिणपश्चिमीकोण (नैऋत्य) पट्टि सूर्यको, पश्चिमोत्तरकोण (वायव्य) पट्टि देवीको र उत्तरपूर्वकोण (ईशान्य) तर्फ सिद्धनाथ विष्णुको मन्दिर निर्माण गर्ने योजना पनि थियो। सिंहपालका मन्दिरमा उभिएका ती ४ वटा शिलामा कुँदिएको कला पाल शैलीको छ। त्यो शैली त्यहाँ मात्र नभई द्वारहाट, डोगडा, बद्रीनाथ, केदारनाथ, बोधगया, बालेश्वर,उकू, अजयमेर, डुम्राकोट, दुल्लू, सिजा, सुर्खेत, ढँडारमष्ट तथा देवलहाटमा पनि पाइन्छ। 'पालहरूको' कलाले सम्पूर्ण हिमाली भेकमा गहिरो प्रभाव छोडेको कुरामा विद्वानहरू सहमत छन्।[६] आश्चर्यको कुरा यो पनि छ कि त्योमध्यदेश तराई जहाँ ढुंगाको सर्वथा अभाव छ, त्यस्तो ठाउँमा ४ वटा मात्र कलात्मक भग्न शिलास्तंभ कसरीपुगे। त्यस कुरामाथि विचार गर्दा त्यहाँ अरूपनि शिलाहरू जमीनमुनि पुरिएका हुनुपर्छ, जहाँ प्राचीन सभ्यताको अवस्थल रहेको थियो। उत्तरपूर्वी कोणतिर रहेको सिद्धबाबाको स्थानले अर्को आधार दिएको छ। त्यहाँ एउटा तामाको घाँडो झुण्डयाइएको छ,जो १३" लामो २३" मोटो १" बाक्लो छ। त्यो घाँडोको रालो खसेकोले बूचो देखिन्छ र बजाउन मिल्दैन तापनि यो सहजै अनुमान हुन्छ कि त्यहाँ घण्टका साथै घाँडाहरू पनि चढाइन्थे।

सिंहपाल मन्दिरले सिद्धबाबाको भक्तिपरंपरालाई प्रकट गर्नुका साथै राजा सिंहपालको राज्य अस्तित्वलाई पनि प्रकट गर्दछ। त्यो कुरालाई सिंहपुरको घनाबस्ती, प्राचीन भग्न दरबार, रानीताल,गढी तथा बाटामा विछाएर छोडेका ईंटाले अझ पुष्टि गर्दछन्। सिंहपालको मन्दिरदेखि १०० मिटर पश्चिम झाडीमा राजा सिंहपालको दरबार थियो। त्यो दरबार अचेल ढिस्कोमा परिणत भएको छ। त्यहाँका ईंटा रानीताल भन्ने ठाउँको माटो पकाएर बनाएको थियो। रानीताल १५०० मिटर लम्बाई, ९०० मिटर चौडाई, २०० मिटर गहिराईको छ र आजकल त्यहाँ गोहीपालन हुन्छ। तालको दृश्य हेर्न १५ मिटर अग्लो मचान बनाइएको छ, पश्चिमपट्टि ढिस्कोमा। सिंहपालराजाको भग्न दरबारलाई अजयपालमहल पनि भन्ने चलन रहेछ। त्यो कुरालाई पनि अभिलेख्य पुष्टि गर्न सकिएको छैन।

सिंहपाल मन्दिर तथा अजयपाल महल देखि ५०० मिटर पश्चिमपट्टिबाट आरंभ भई सोझै दक्षिणतिर लमतन्न परेको ७' चौडा, १-१ किलोमिटर चौतर्फी लामो, ७' अग्लो पर्खाल भग्नावस्थामा छ। पर्खालसंगै बाहिरपट्टि ७' गहिरो नहरजस्तो चौतर्फी खाडल पनि छ। त्यो पर्खालमा सिंहपाल मन्दिरमा प्रयोग गरिएका नापका ठूला, साना ईटहरू प्रयोग गरिएका छन्। पर्खालले दक्षिणतिर बाउन्ने खोलालाई छोएको छ। बाउन्ने खोलाको पानी गढीवरिपरि फन्को मार्थ्यो। गढीका ढोकाहरू कति र कतापट्टि थिए,पर्खाल भत्केकोले अनुमान गर्न सकिएन। बाक्लो जंगल हुँदा विदेशी शिकारीको गास पर्ने त्रासले पनि खोजी गर्न भ्याइएन।

सिंहपुरको निर्माण गर्ने सिंहपाल राजा र उनका उत्तराधिकारीहरूले आफ्ना गुरूपुरोहितहरूलाई बेलाबेलामा अभिलेखहरू प्रदान गरेको कुरा सूचना मिलेको छ, तापनि अभिलेखहरू भेटेरपढ्न पाइएको छैन।[७] सिंहपाल मन्दिरमा आरक्षण घोषणा गर्नु पूर्व, नित्य एवं पार्विक पूजा हुन्थ्यो। सिंहपुरको गाउँ वस्ती हाल अन्यत्रै सारिएको छ। त्यसैले अब

सिंहपुर साधारण नेपालीका लागि अपायक र विरानो हुँदै गएको हुँदा सिंहपालको मन्दिर पनि जंगलमै लोप हुने भय रहेको छ।[८]

सिंहपाल र अजयपाल वंशको खोजी गर्दा पालहरूको वंशावली संकलन र विवेचना गर्नु पर्ने हुन्छ। कर्णाली प्रदेशलाई एकै शब्दमा खसान पनि भनिन्छ। त्यहाँका राजालाई खसमल्ल भनिन्थ्यो। पश्चिम तिब्बतबाट खसमल्ल राज्यको विस्तारपूर्व कर्णाली प्रदेशभर पालवंशीय राजाहरूले शासन गरेको कुरा दुल्लूस्थित कीर्तिस्तंभको अभिलेखले प्रकट गरेको छ। त्यो वंशावली यस प्रकार छः आदिपालवंशका पहिला राजा आदिपाल, अमरपाल, जयपाल, विजयपाल, वीरपाल, विक्रमपाल, श्रीपाल, धीरपाल, सोमपाल, सूर्यपाल, समुद्रपाल, सुखपाल, गृहपाल, महिपाल, विश्वपाल, जीवपाल गरी १६ वटा राजा भए।[९] सो वंशावलीमा राजा सिंहपाल र अजयपालको नाउँ नभए पनि जयपाल र विजयपालको नाउँ छ। पन्ध्रौं शताब्दीको पहिलो दशकमा तयार गरिएको दुल्लूस्थित शिलास्तंभमा उल्लिखित ती पालहरू विक्रमको पाँचौं शताब्दीबाटै शासक रहेको थाहा हुन्छ। पालहरूको शासन पछि खसमल्ल र मल्लहरूको शासन आरंभ भयो। खस मल्लहरूको शासन बाइसी, चौवीसीहरूको उदय कालसम्म कायमै थियो।

पालवंशका विभिन्न ठाउँमा प्राप्त पुराना वंशावलीहरू हेर्दा कार्तिकेयेपुर (कत्यूर = हाल भारत)बाट पूर्वतिर सर्दै बढ्दै डोटीको लेकम गर्खा, उकू, देथला र अस्कोट (हाल भारतको कुमाउँ क्षेत्रको एक रजौटा) जस्ता ठाउँमा राजा भएर बसेका प्रमाणहरू पनि भेटिएका छन्।[१०] तर ती सब वंशावलीमा सिंहपाल र अजैपालको नाउँ उल्लेख नहुँदा सिंहपुर र सिंघाइको पालवंशावली छुट्टै रहेको बुझिन्छ। सिंहपुर र सिहाई (सिघाई)को पालवंशावली हालसम्म पाइएको छैन। तर अर्को आश्चर्यको कुरा के छ भने उकूस्थित भताभुङ्ग महलको ढुंगे थुप्रोमा प्राप्त शिलालेखमा अजयपालको नाउँ उत्कीर्ण गरिएको भेटिन्छ।[११] शिलालेखमा उत्कीर्ण गरिएका उकू महलका राजा अजयपाल (अजैपाल) र सिंहपुरका अजयपाल एउटै व्यक्ति होलान् त? यसमा विचारणीय कुरा के छ भने सिंहपाल मन्दिरमा रहेको ढुंगाको कला (पाषाणकला) अजयमेरूसंग मिल्ने मात्र होइन कि अजयपालको नाउँबाट त्यो किल्लालाई अजय + मेरू भनिनुमा धेरै सत्य लाग्दछ तर के गर्ने त्यसको पुष्टि गर्नै बाँकी छ। त्यसकारण सिंहपालको अस्तित्व खसमल्लराजाका पुर्खा अशोक चल्लकालिन रहेको कुरा पत्यारिलो लाग्दछ।

कैलाली र कञ्चनपुर विक्रमको दशौं शताब्दीतिर सवा लाख पर्वत साम्राज्य अन्तर्गत पर्दथ्यो। किनभने त्यो क्षेत्र डोटी र जुम्लाको तराई खण्डमा पर्दथ्यो। खस भनिने शक राजाहरूको सवा लाख पर्वत साम्राज्य पूर्वमा काठमाडौं अरूण नदी, पश्चिममा लद्दाख उत्तरमा दक्षिण-पश्चिम तिब्बेत र दक्षिणमा भागीरथी गंगासम्म फैलिएको थियो।[१२] त्यो साम्राज्य आरम्भ हुनुभन्दा पहिले पालहरूको राज्य रहेको कुरा माथि पनि उल्लेख गरिसकियो। खस मल्लहरूको साम्राज्य स्थापना भएपछि कार्तिकेयपुरबाट डोटी क्षेत्रमा

प्रवेश गरी पालहरूले शासन चलाए। पछि ती पालहरू मल्ल भए अनि शाही। तर उकू, देथला, अस्कोट जस्ता ठाउँका शासक पाल नै रहि रहे। डोटीको राजवंशावलीमा त्रिलोकीपाल, निरञ्जनपाल र नागपालको नाउँ भेटिन्छ। त्यसैले कैलाली र कञ्चनपुर डोटीका पाल मल्ल र शाहीहरूको अधीनमा थियो। कैलालीको सदरमुकाम धनगढीदेखि पूर्वपट्टि मल्लवारा र अतरियादेखि दक्षिणपश्चिमपट्टि मल्लखेती भन्ने ठाउँ छ। ती ठाउँहरूले मल्लराजाहरूको अस्तित्वलाई संकेत गर्दछ। कुमाउँको सीराकोटमा पनि मल्लहरूको प्राचीन राज्य थियो।[१३]

उत्तरमध्यकालमा अछाम राज्य अन्तर्गत मल्लवारा क्षेत्र पर्‍थ्यो। देवचन्द्र समाल (हमाल) हारमाताका छोरा थिए, ती हारमाता समुद्रवंशी राजाकी छोरी थिइन्। आफ्नी छोरीलाई नातिभएमा अछाम राज्य बक्स (बकस) दिने कबोल भए बमोजिम दिंदा त्यसको चारकिल्ला तोक्दा दक्षिणपट्टिको सीमाना मल्लवारा थियो। त्योबेला मल्लवारामा ५२ गाउँ थिए।[१४] प्रारम्भमा यस क्षेत्रमा औलोको त्यति धेरै प्रकोप रहेको जानकारी पाइँदैन। तर पछि औलो प्रशस्त बढेर गयो। त्यो क्रम वि.सं. २०२० सालसम्म रही रह्यो। त्यसपछि औलो उन्मूलन भयो। डोटीका राजाले चर्चेको समयबाटै कैलाली कञ्चनपुरमा घना जंगल हुन थालेको हुँदा त्यो क्षेत्र शिकारको लागि उपयोगी सिद्ध भएको थियो।

डोटी राज्य स्वतन्त्र भएपछि पूर्व र पश्चिमतिर विस्तृत हुन थाल्यो। पूर्वमा त्रिशुली र पश्चिम गढवालसम्म फैलिएको डोटी राज्य कर्णाली प्रदेशका खसमल्ल जस्तै शक्तिशाली हुने हो कि भन्ने लक्षण देखिएको थियो। खसमल्लहरूले झैं केन्द्रीय शासन अवलम्बन गरेको डोटीका सामन्त राजाले बर्षेनी सिर्तो (कर) बुझाउँथे। कुमाउँ क्षेत्रको रेखदेख गर्न डोटीका राजाले चन्दहरूलाई खटाएका थिए। तर कुमाउँका शासक भारतीचन्दले डोटीलाईकर तिर्न छोडे। त्यसको साटो फेर्न डोटीले कुमाउँ माथि वि.सं. १४९४ मा आक्रमण गर्‍यो। पहिले डोटीको सेनाले कुमाउँ जित्दै बढ्यो। भारतीचन्दका छोराले (रतनीचन्द) कटलेहर (कोठेर) राज्यको सैन्य सहयोग लिई डोटीलाई हराई दिए। डोटीको सेना कुमाउँ छोडी महाकाली पश्चिमतिर लाग्यो। त्यही मौकापारी कुमाउँको सेनाले डोटीका दार्चुला, बैतडी र डडेलधूरा क्षेत्रमा धावा गर्‍यो। त्यो क्रम बाह्र वर्षसम्म रह्यो। डोटी पश्चिमसर्दै जानुको सट्टा पूर्व तिर सर्दै डुम्राकोट पुग्यो। चन्दकोसेनाले डोटीराज्यमा ज्यादै अत्याचार ब्यभिचार, हत्या, लूट मच्चाए। महाकाली पश्चिमको राज्य स्वतन्त्र भयो।[१५]

कुमाउँ र डोटीको युद्धबाट दुवै मुलुकमा प्रशस्त राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा प्रभावहरू परे। यो युद्धले डोटीको एकाधिकारलाई कुण्ठित गर्‍यो। डोटीको समाजमा विकृति आयो। परिणामस्वरूप कटकमा आएका सिपाहीका भोग्याबाट जन्मेका बेवारिस सन्तान कटकावली र नायक भए। डोटी र कुमाउनी राजा र राजपरिवारले मन्दिरमा कन्याकेटीहरू चढाएर देवदाशी प्रथाको आरंभ गरे। त्यो प्रथा हिमाली भेकको माहिली छोरीलाई झुमा (झोवा) र काठमाडौंको कुमारी बनाउने परम्परासंग तुलना गर्न सकिन्छ।

अछूत जातिबाट व्यभिचारपूर्वक सिर्जित जातिलाई बाधी बघेनी भनियो। आर्थिक क्षेत्रमा पनि बाह्र वर्षे युद्ध डोटीको लागि घातक भयो। डोटीको वाजुरा, थलारा, बभाङ स्वतन्त्र भए। डोटीका तिब्बत जाने लिपु, उराई, तिङ्कर जस्ता बाटाहरू फुत्के। डोटीमा लूट गर्दा कुमाउँले सुन, चाँदी, रेशम, कस्तूरी, युवती र धन हरण गऱ्यो। आर्थिक रूपबाट पनि डोटीलाई धेरै असर पऱ्यो।

कुमाउँले डोटीलाई पराजित गरी प्रशस्त लूटको धन ल्याएको चाल पाएका लखनौस्थित काठगोला (शाहजहाँपुर)का नवाव हुसेना खाँले कुमाउ र डोटीमा सेना पठाएर लुट्ने आदेशदिए। त्यो मुसलमानी सेना लखनौबाट पहाडतिर पस्यो। अल्मोडा, अस्कोट, उकू, अजयमेर, जोरायल र गोदावरीमालूट्ता लुट्तै मुसलमानी सेना डोटी दिपायल, डूम्राकोट सम्म पुग्यो र त्यहाँका मठमन्दिर तोडफोड भताभुङ्ग पार्न थाल्यो। कुमाउबाट ठक्कर खाएको डोटीले मुसमलमानीसेनासंग अन्तिम सास सम्म लड्यो। वि.सं. १६२६ र १६३१ गरी दुई पटक भएको युद्धमा दुवैतिर प्रशस्त सिपाही मरे। डोटीले पहाडमा छापामार युद्ध गर्न थाल्यो। मुसलमानी सिपाही भाग्न थालेपछि डोटीले आत्मरक्षा गऱ्यो।[१६]

प्राचीनकालदेखि डोटी निवासीहरूले कैलाली र कञ्चनपुर बाटोबाट दक्षिण ब्यापार गर्दथे। पश्चिमको ब्यापारमा महाकाली नदीले वाधा पार्दथ्यो। तत्कालीन वाणिज्य केन्द्रका रूपमा ब्रम्हदेवमण्डी, मल्लवारा, सिद्धकोथान, बेडाबाबा, महेन्द्रनगर, बेलौरी, ज्वालादेवी, सिंहपुर, सिंधाई, कलाडी, धनगढी,लालपुरवाडी, चौमल्ला, हँसुलिया, भजनी, सती, मढा, मल्ला-खेती, बाँसखेडा विकसित भएका थिए। त्यहाँ डोटी, अछाम, बाजुरा, बभाङ, थलारा, जुम्ला, धुलीकोट राज्यका बासिन्दाहरूले सामान किनबेच गर्दथे। उनीहरूले मह, घिउ, आँतर (चरेश), गाँजा, च्याखुरा, बाज, मृग, भेडा, बाखा, घोडा, याक, शिलाजीत, फलफूल, जडिबूटीको खेलो गर्दथे।

हाल कैलाली जिल्लाको पूर्वोत्तरतिर कर्णालीनदी, पश्चिमतिर चूरेपहाड, मोहनानदी,मालाखेती पर्दछ भने दक्षिणमा भारतको सीमाना गौरीफाँटा, नानपारा पर्दछ। कञ्चनपुर जिल्लाको पूर्व मोहनानदी, पश्चिममा महाकालीनदी भारतको नैनिताल जिल्ला, बनवासा सीमाक्षेत्र, उत्तरतर्फ मालाबारा डाँडा, डँडेलधुरा जिल्ला चूरेफेदी र दक्षिणमा भारत उत्तरप्रदेशको पिलिभित, खिरी लखिमपुरजिल्लापर्दछ। कैलाली र कञ्चनपुरको सबै भू-भागलाई विभिन्न तप्पाहरूमा बाँडिएको थियो। 'तप्पा' भन्नाले जिल्लाभन्दा सानो गाउँ भन्दा ठूलो क्षेत्रलाई बुझाउँथ्यो। प्रशासनिक दृष्टिकोणबाट सजिलो हुने गरी तप्पाहरू छुट्याएको हुन्थ्यो। तप्पाहरू यस प्रकार थिए।

कञ्चनपुर जिल्ला[१७]

१) बैतोडा तप्पा (बहितोडूवा तप्पा)

२) तिलाचौर तप्पा (तीलचौर तप्पा)

कैलाली जिल्ला[१८]

१) रैकवार तप्पा (जेठो तप्पा)

२) परिहार तप्पा (पारिवारिक तप्पा)

३) रौतेली तप्पा (राजाको तप्पा)

४) रैकवार तप्पा (जेठो तप्पा)

३) बोगटान तप्पा (बोगटीहरूको तप्पा)

४) लिक तप्पा (तल्लो तप्पा)

नेपालको एकीकरणपूर्व कैलाली र कञ्चनपुर डोटीको एकै छत्रभित्र पर्ने हुँदा रैकवार तप्पा एकै थियो। ती सबै तप्पामा आठकोशे चौडा जंगल लालभाडी पर्थ्यो। लालभाडी भन्दा दक्षिणतिर रस्तीबस्ती थियो। डोटीको अधीनमा दक्षिणका बस्तीहरू पर्थे। लालभाडीमा साल, शिशौ, साज, सिमल,हल्दू, खयर, विजयसाल, गिठी, टूनी, भोर्ले, बकैनोका बडेबडे रूख थिए। पछिपछि जंगल फडाँनी भएर रस्तीबस्ती बढ्दै गयो।

बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहले गोरखाराज्यघरानाको नेतृत्वमा नेपालको एकीकरण आरम्भ गरे। तर पूर्वतिर विस्तार गर्दा गर्दै उनको मृत्यु भयो। पश्चिम नेपाल एकीकृत गर्न बाँकी नै थियो। त्यो अधूरो काम उनका माहिला छोरा बहादुर शाह (फत्तेबहादुर)ले पूरा गरे। श्री ५ रणबहादुर शाहको नायव भएर बहादुर शाहले वि.सं. १८४९ मा पठाएको अछाम र डोटीको नेपाली सेनाले अधिकार गऱ्यो। त्यो विजयपछि कैलाली र कञ्चनपुर डोटी र अछामको अधिकार क्षेत्रभित्र हुनाले स्वतः नेपालको सीमाभित्र पऱ्यो। वि.सं. १८४९ देखि १८७२ सम्म ती दुवै ठाउँ नेपालले चर्चेको थियो। तर वि.सं. १८७१-७३ को अंग्रेज-नेपाल युद्धमा नेपालको हार भयो। नेपालसंग युद्धगर्दा बृटिश भारत सरकारलाई आर्थिक संकट परेको थियो। त्यो बेला भारतका गभर्नर जनरल लर्ड हेस्टिङसले अवधलाई आफ्नो खूबा बनाएकाले त्यहाँका नवाब गाजिउदीनसंग आर्थिक सहयोग मागे। नवाब गाजिउद्दीनले लखनौका वजीरको ढुकुटीबाट रू. १ करोड रूपैयाँ दिए र पछि अरु पनि थपिदिए।[१९] अंग्रेज नेपाल युद्धमा नेपालको हार भएको हुँदा नेपालले महाकालीदेखि मेचीसम्मको सम्पूर्ण तराईभाग गुमाउनु पऱ्यो। त्यसै क्रममा कैलाली र कञ्चनपुर पनि नेपालको अधिकारबाट छुट्यो।

नेपालबाट छुटेको कैलाली र कञ्चनपुरको भू-भागलाई अवधका नवाबबाट लिएको सापटी नगदको सट्टा भर्ना स्वरूप अंग्रेजहरूले अवधलाई दिए। त्यसरी वि.सं. १८७३ देखि कैलाली र कञ्चनपुर अवधको अधीनमा पुगेकोले मुसलमानी बस्ती कायमगरियो। केही मुसलमानी बस्ती वि.सं. १९१४ सिपाही बिद्रोहका दौरानमा नेपाल पसेका बागी शरणार्थीको बस्तीबाट पनि बसेको हो। वि.सं. १९१२ मा भारतका बृटिश गभर्नर जनरल लर्ड डलहौजीले विलयीकरणको नीतिअनुसार निःसन्तान र पेन्सन्मा बस्न चाहने सहायक सन्धि गरेका भारतीय रियासतलाई बृटिश शासनमा मिलाए। अवधका नवावले पनि आफ्नो भू-भाग छोडी पेन्सन लिनु परेकाले नेपालको कैलाली कञ्चनपुर क्षेत्र बृटिश भारत सरकारको अधीनमा पऱ्यो।

बृटिश शासकहरूले भारतीय रजौटाहरूको राज्य खोसुवा गरेका हुनाले त्यसको प्रतिकृयास्वरूप वि.सं. १९१४ मा भारतीय सिपाही विद्रोह भयो। त्यो विद्रोहमा नेपालका

प्रधानमन्त्री जंगबहादुर कुँवरले बृटिश सरकारलाई सहयोग गरी बिद्रोहीहरूलाई दमन गर्न सेना लिएर गए। नेपाली सेनाले लखनऊमा लूट गऱ्यो,जसमा बरफबाग, बेगमबाग, मूसाबाग, आलमबाग, केशरबाग, छत्रमञ्जील र ताराकोठी परेको थाहा हुन्छ।[२०] त्यो बेला बृटिशहरूले नेपालको सहयोग नपाएका भए भारत टुक्रैटुक्रामा बाँडिन्थ्यो। त्यो बुझेका गभर्नर जनरल लर्ड केनिङले वि.सं. १९१७ मा बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको तराई भाग (त्यस बेलाको भाऊले १० लाख रूपैयाँ मोल पर्ने भू-भागमात्र) नेपाललाई फिर्ता दिने भए। त्यो भू-भागलाई नयाँ नेपाल भन्न थालियो र श्री ३ जङ्गका आफन्तलाई बिर्ता बाँडियो।[२१]

कञ्चनपुरको पश्चिमी सीमानामा वि.सं. १९७७-७८ मा नेपालका श्री ३ महाराज चन्द्रशम्शेरले बृटिश भारतलाई महाकाली नदीको पानी पटाउने अधिकार पत्रमा सही गरे। तदनुसार महाकालीको पानीमा बाँधबाँधी ठेलहालेर (लोहियाहेट स्थित) विद्युतकेन्द्रसम्म पुऱ्याएर विजुली र सिंचाई समेत गर्ने संझौता गरेका थिए। त्यही संझौतामा बनबासा, बाँध र पुलको निर्माण कार्य आरंभ भएर वि.सं. १९८५ मा सम्पन्न भएको थियो।[२२] त्योबाँध निर्माणस्थल नेपालको भू-भागभित्र पर्ने भएको हुँदा अंग्रेजहरूले ठोकरपुरदेखि पूर्वपट्टि रहेको गड्डाचौकी भन्ने ठाउँसम्म र उत्तरतिर जिमुआ सम्मको ४ किलोमिटर भू-भागको सट्टामा नेपाललाई महाकालीपश्चिम तर्फ वनवासादेखि दक्षिणतिरको भू-भाग दोधारा र चाँदनी क्षेत्रको सम्पूर्ण भू-भाग दिएको थियो। त्यो संझौतामा नेपाललाई २५% (१/४) भाग पानी सिंचाईगर्न दिने र विद्युत उत्पादन शुरू भएपछि त्यति नै (२५%) विद्युत नेपाललाई निःशुल्क उपलब्ध गराउने कुरा पनि उल्लेख गरिएको थियो।[२३]

नयाँ मुलुक वि.सं. १९१७ मा नेपालको अधीनमा आएपछि त्यहाँको प्रशासन सञ्चालन गर्न नयाँ मुलुक बन्दोबस्त अड्डा खडा भयो। त्यो अड्डा बाँके जिल्लाको सदरमुकाम नेपालगञ्जमा रह्यो। वि.सं. १९८७ सम्म नेपालगञ्जबाटै कैलाली र कञ्चनपुरको प्रशासन सञ्चालन भएको थियो। वि.सं. १९८८ मा कैलाली कञ्चनपुर गोश्वाराको स्थापना भयो र यो अड्डा कैलाली जिल्लाको धनगढी बजारमा रह्यो। त्यो अड्डालाई नयाँ मुलुक कैलाली कञ्चनपुर गोश्वारा भनिन्थ्यो। त्यो क्रम २०१८ सम्म यथावतै रह्यो। त्यस पछि कैलाली र कञ्चनपुरमा छुट्टाछुट्टै जिल्लास्तरीय कार्यालयको स्थापना भयो। तराईको भू-भागमा, त्यो बेलासम्म, औलोको प्रकोप भएको हुनाले गर्मीमा पहाड तथा जाडोमा तराईमा बस्ने चलन थियो। नयाँ मुलुक राणा शासकहरूको बिर्ता हुनाले हिउँदमा शिकार क्याम्पहरू बस्तथे। मौसमी बस्ती प्रहाडका बासिन्दालाई त्यति मन नपर्ने र आर्थिक अवस्था कमजोर हुनाले केही जमीन्दार, कोठारी, चौधरी, कारोबारी, कमैया, हरूवा, चरूवा, अपराधी, विर्तावालका चाक्रीदारहरूमात्र बस्तथे। त्यसैले पहाडी भन्दा तराईका र नेपालीभन्दा विदेशी कामदार, ठेकेदार, काठकटान गर्ने कुल्ली र कर्मीहरू बस्तथे। तर २०१८ सालपछि स्थिति त्यस्तो रहेन। बजारको विकास भएका ठाउँमा पहाडका मानिस आवश्यक सामान लिन जान्थे।

त्यति बेलै औलो उन्मूलनका प्रक्रियाहरू शुरू भए अनि पहाडका बासिन्दाहरू तराईतिर झरे।

**आधार सामग्रीः**

१. K.A. Nilakanthan Sastri, *Advanced History of India* (Calcutta Allied Publishers, 1970) PP. 184 – 185.

२. B.N. Luniya, *Political and Cultural History of Gupta Empire* (Indore: Kamal Publications, 1974), P. 225.

३. पूर्णप्रकाश नेपाल, *महाकाली अञ्चल दिग्दर्शन* (विराटनगरः हिमाली सौगात प्रकाशन, २०३३) पृष्ठ ५६।

४. सिंहपाल मन्दिर वरिपरि पर्खालको जगखन्ने कार्यका सिलसिलामा प्राप्त भएका ऐतिहासिक सामग्रीहरू शुक्लाफाँटा शाही निकुञ्जका वार्डेनको जिम्मामा राख्नुपर्ने सुझाव दिइएको थियो। सो क्षेत्रमा अनुसन्धानमूलक निकायले नियमपूर्वक उत्खनन् गरे प्रशस्त सामग्री पाउन सकिने संकेत हाल प्राप्त श्रोतहरूबाट देखिएको छ।

५. Raja Ram Subedi, *History of Bajhang,* (Unpublished Ph.d. Thesis 1986), Tribhuvan University p. 40.

६. Prem Uprety, "Medieval Buddhist Art in Nepal: Penetration of Pal Influences in the Himalays" Contributions to Nepalese Studies Vol. 19, No. 2 (1992) PP. 167-75.

७. पुण्यप्रसाद निरौला (सं.), *सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्भेक्षण प्रतिवेदन* (काठमाडौंः पुरातत्त्व विभाग, २०४२), पृष्ठ ६७।

८. शुक्लाफाँटा वन्यजन्तु आरक्षण केन्द्रको दक्षिणी सीमाना भारतसंग जोडिन्छ। त्यसैले भारतयि भूमिमा बस्नेहरूका लागि शिकार गर्न सजिलो परेको कुरा त्यहाँका कर्मचारीबाट ज्ञात हुन्छ। आरक्षणको रक्षा उत्तरतर्फबाट नेपाली सेनाले गरेको छ तर दक्षिणतिरबाट हुने शिकारी अभियान सायद नेपाली शाही सेनालाईथाहा नहोला। विशेषगरी श्री ३ जुद्धशम्शेरले वि.सं. १९९० सालको भूकम्पमा मृतकको आत्माशान्तिका लागि १००० (हजार) गौदान गरी तयार गरेका शिलालेख र समाधि वरिपरि असुरक्षा बढ्दै गएको पाइन्छ।

९. योगी नरहरिनाथ, *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, भाग १* (दाङः आध्यात्मिक परिषद, २०२०), पृष्ठ ७६७–७६८।

१०. डोटी भेकमा पालहरूको प्रवेश बारे यथार्थ कुरा थाहा नपाइए पनि त्यताका प्राचीन वंशावलीले उनीहरू राजा भएको पुष्टि गर्दछन्। त्यस भेकमा प्राप्त पाल वंशावली निम्न पंक्तिहरूमा उल्लेख गरिन्छ।

सर्वप्रथम कत्यूरबाट लेकममा आई रजाई गरी बसेका पालहरूको वंशावली:

१) अम्भोतदेउ (यवनहरूबाट सताइएका हुनाले धर्मरक्षार्थ लेकम आएका)

२) निर्भयपाल (देउबाट पाल खिताप लिएर पाल कहलाएका)

३) मुक्तिपाल ४) भैरंपाल ५) भोपाल ६) रत्नपाल ७) शंखपाल

८) श्यामपाल ९) शाहीपाल १०) सूर्यपाल ११) भोजपाल १२) भतृपाल

१३) सुर्तानपाल १४) अक्षयपाल १५) त्रैलोक्यनाथपाल

१६) सुण्डपाल (उनका चारछोरा निशिल, लेकम, देथला र अस्कोट गएका)

| | | | | |
|---|---|---|---|---|
| १) | जक्तिपाल | मोहकम्पपाल | श्रीपाल | भैरपाल |
| २) | शाहीपाल | अक्षयपाल | खड्गपाल | लेखनपाल |
| ३) | कर्णपाल | रूद्रपाल | कर्णबहादुरपाल | राइपाल (वि. १६४५) |
| ४) | श्रीपाल | मोहकम्पपाल | भैरंपाल | महेन्द्रपाल |
| ५) | केशरीपाल | हाँकपाल | शाहीपाल | जयंतुपाल |
| ६) | बहादुरपाल | हाँकपाल | शाहीपाल | जयंतुपाल |
| ७) | प्रतापपाल | विक्रमपाल | लक्ष्पाल | अमरपाल |
| ८) | हीरापाल | सिजापाल | सिनपाल | अम्भोतपाल |
| ९) | सूर्यपाल | रतनपाल | विजयसि.हपाल | अक्षयपाल |
| १०) | लालसिंहपाल | मेघपाल | पहाडीपाल | विजयपाल |
| ११) | हीरापाल | नाफूपाल | नेफापाल | महेन्द्रपाल |
| १२) | बीरापाल | - | महेन्द्रपाल | हिक्मतपाल |
| १३) | अर्जुनपाल | - | बहादुरपाल | बहादुरपाल |
| १४) | कर्णबहादुरपाल | - | कमानबहादुरपाल | पुष्करसिंपाल |
| १५) | सुरेन्द्रबहादुरपाल | - | मानबहादुरपाल | गजेन्द्रसिंपाल |
| १६) | - | - | - | विक्रम व. पाल |
| १७) | - | - | - | टीकेन्द्र ब. पाल |

श्रोतः महाकाली अञ्चल दार्चुला जिल्ला लेकम गर्खाका अटौला (स्वतः स्फूर्त ज्योतिष ज्ञान प्राप्त) श्री जनकराज ज्योतिषराजबाट २०५० मा सारेको वंशावलीका आधारमा।

११. देवकान्त पन्त, *डोटेली लोक साहित्य र संस्कृति* (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०३२) पृष्ठ, ९०।

१२. राजाराम सुवेदी, ''सपादलक्ष' साम्राज्यको अवशान'' *प्रज्ञा* ५९ (२०४४, श्रावण, भाद्र, आश्विन), पृष्ठ १-१३।

१३. वद्रीदत्तपाण्डेय, *कुमाउँका इतिहास* (अल्मोडाः श्याम प्रकाशन, १९९०), पृष्ठ २७।

१४. योगी नरहरिनाथ, *इतिहास प्रकाश,* २:३: (काठमाडौंः इतिहास प्रकाशक संघ २०१३), पृष्ठ ३८७-९०।

१५. Edwin T. Atkinson, *kumaon Hills* (Delhi: Cosmo Publications 1974), PP. 529–531.

१६. पाण्डेय्, *पूर्ववत्,* टिप्पणी १३, पृष्ठ १६०-१६५) *मेचीदेखि महाकाली* भाग ४।

१७. जीतसिंह भण्डारी, *महाकाली अञ्चलको संक्षिप्त परिचय* (कञ्चनपुरः जीतसिंह भण्डारी, २०३७, पृष्ठ ६५।

१८. पूर्णप्रकाश नेपाल, *सेती अञ्चल दिग्दर्शन,* (विराटनगरः हिमाली सौगात प्रकाशन २०३५), पृष्ठ २६७-२६८।

१९. प्रयागराज शर्मा, (सं.) *बाबुराम आचार्य र उहाँका कृति* (काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान, २०२९), पृष्ठ ४२-४३।

२०. Padmajang Rana, *The Life of Maharaja Sir Jang Bahadur Rana of Nepal* (Kathmandu: Ratna Pustak Bhandar, 1974) PP. 212-13.

२१. श्री ३ जङ्गले १० लाख बराबरको जमीन पाएकाले श्री ३ चन्द्रले पहिलो विश्वयुद्धमा नेपाली सेनालाई पठाएवापत् रू. १० लाख दावा गरेर पाए। त्यसको सट्टा उनले महाकाली पारी कांगडासम्मको भू-भाग फिर्ता मागेको भए?

२२. त्यो शारदाबाँधको बीचमा या पुलको बीचमा बेलायत र नेपालको झण्डा टाँगिएको थियो। भारत स्वतन्त्र भएपछि नेपालको झण्डा झिकिएको कुरा त्यो बेला देख्ने बूढाहरू भन्दैछन्।

२३. भण्डारी, *पूर्ववत्,* टिप्पणी १७, पृष्ठ ६६-६७।